संघीय संसद

राष्ट्रिय सभा

**बाह्रौं अधिवेशन**

**बैठक - १९**

**सूचनापत्र -२**

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ३:१५ बजे*

*बैठक अन्त्य : ३:२३ बजे*

२०७९ असार ०२, बिहीबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **उन्नाइसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न ३:१५** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई “औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले प्रस्तुत गर्नुभएको “औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको व्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **“**औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव उपर छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको व्यहोरा जानकारी गराउनुहुँदै “औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्मवसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले “औषधि (तेस्रो संशोधन) विधेयक, २०७९” माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले प्रस्तुत गर्नुभएको “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको व्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव उपर छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको व्यहोरा जानकारी गराउनुहुँदै “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव

सर्मवसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्मानीय अध्यक्षले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्मानीय अध्यक्षले संविधान सभा सदस्य एवं पूर्व मन्त्री मिथिला चौधरीको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः-

**शोक प्रस्ताव**

"दोस्रो संविधान सभा सदस्य मिथिला चौधरीको भारतको नयाँ दिल्लीमा उपचारको क्रममा मिति २०७९ साल जेठ २७ गते शुक्रवारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्व. चौधरी तत्कालीन ने.क.पा. (संयुक्त) को तर्फबाट संविधान सभा सदस्य र जनसङ्ख्या तथा वातावरण मन्त्री हुनुभएको थियो भने पछिल्लो समय ने.क.पा. (माओवादी केन्द्र) मा आवद्ध हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय मिथिला चौधरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

तदनन्तर, सम्मानीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार ३ गते शुक्रबार अपराह्न ३:१५ बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव